प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र, रामेछाप

बागमती प्रदेश
(कार्य क्षेत्र रामेछाप र दोलखा)

## आलु/किवीको रष्टिक हाउस निर्माण कार्यक्रम सम्बन्धी प्रस्ताव आव्हानको सूचना

(प्रथम पटक प्रकाशित मितिः २०७७/०६/०६)

कृषि ज्ञान केन्द्र, रामेछापको आ.व. २०७७/७८ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार "आलु/किवि रष्टिक हाउस निर्माण कार्यक्रम संचालन कार्यविधि, २०७६ (प्रथम संशोधन, २०७६-२०७७/०५/०३)" बमोजिम रष्टिक हाउस निर्माण गर्न कृषक समूह, कृषि सहकारी, कृषि फर्म र कृषि कम्पनीले यो सूचना प्रकाशित भएको ३० दिनभित्र (मिति २०७७/०७/०५ सम्म) कार्यालय समयमा कृषि ज्ञान केन्द्रमा देहाय बमोजिमका कागजात सहित निवेदन साथ प्रस्ताव दर्ता गर्नुहुन आव्हान गरिन्छ। साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागी समावेस हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ ।

**आवश्यक कागजातहरुः**

१. रु.१०।-को हुलाक टिकट टाँस गरेको अनुसूची -२ अनुसारको निवेदन,
२. आलु/किवी सम्बन्धी तालिम लिएको भए सो प्रमाण पत्रको प्रतिलिपि ,
३. आधिकारिक दर्ता/नविकरण प्रमाण पत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर तथा लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपि,
४. कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि( सम्भव भए सम्म),
५. साझेदार संस्थाको निर्णय प्रतिलिपि,
६. साझेदार संस्थाले अनुदान प्रक्रियाको लागि जिम्मेवारी दिई खटाउने पदाधिकारीलाई अख्तियारी पत्र,
७. अधिकार प्राप्त पदाधिकारीको नागरिकता प्रमाण पत्रको प्रतिलिपि र फोटो १ प्रति,
८. रष्टिक हाउसको ईन्जिनियर/ओभरसियरद्वारा बनाइएको लागत इष्टिमेट साथमा प्रस्ताव (सो घर प्रि फयाब वा ईट्टा जडीत सिमेन्टेडको हुनुपर्ने छ)
९. रस्टिक हाउस निर्माण गरिने जग्गाको लालपुर्जाको प्रतिलिपि साथै करारको हकमा करारनामाको प्रतिलिपि,
१०. सम्बन्धित स्थानीय तहको सिफारिस पत्र,
११. प्रस्तावित जमिनमा सडक, पानी तथा विजुली रहे नरहेको प्रमाण प्रमाणित कागजात,
१२. फार्म, कम्पनी, संस्था, सहकारी तथा कृषक समूहले व्यहोर्ने योगदान प्रतिशतको प्रतिवद्धता पत्र।

पुनश्चः

क) कार्यक्रमका लागि ५० मे.टन. भन्दा बढी क्षमता भएको रष्टिक हाउस निर्माण गर्न स्वीकृत कार्यविधि अनुसार रामेछाप जिल्लाका गोकुलगंगा गा.पा. वार्ड नं ३, दोरम्बा गा.पा., सुनापति गा.पा. र उमाकुण्ड गा.पा. साथै दोलखा जिल्लाका जिरी न.पा., भिमेश्वर न.पा. वार्ड नं ९, कालिन्चोक गा.पा. वार्ड नं ३, गौरीशंकर गा.पा., मेलुङ्ग गा.पा. वार्ड नं ३ र बिगु गा.पा. मा एक-एक संख्याको दरले जम्मा १० वटा रष्टिक हाउस निर्माणका लागि छनौट गरिनेछ।साथै सो कार्यक्रममा प्रस्तावकबाट स्थानीय तहको साझेद्रारीमा समेत रष्टिक हाउस निर्माण गर्न सकिनेछ।

ख) आलु/किवि रष्टिक हाउस निर्माण कार्यक्रम संचालन (प्रथम संशोधन) कार्यविधि,२०७६ (प्रथम संशोधन, २०७६-२०७७/०५/०३) भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, बागमती प्रदेशको बेवसाईट molmac.bagamati.gov.np बाट डाउनलोड गर्न साथै कार्यक्रमको प्रस्ताव फारम कृषि ज्ञान केन्द्र, रामेछापको फेसबुक पेजबाट समेत प्राप्त गर्न सक्नु हुनेछ।

*(थप जानकारीको लागि कृषि ज्ञान केन्द्र, रामेछापको सम्पर्क नं.०४८-५४०३०८ मा सम्पर्क गर्न सक्नुहुनेछ।)*

Scanned with CamScanner

प्रदेश सरकार
भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
# कृषि ज्ञान केन्द्र, रामेछाप
बागमती प्रदेश
(कार्य क्षेत्र रामेछाप र दोलखा)

पत्र संख्या: ०७७/०७८
चलानी नं: ११२

मन्थली, रामेछाप

मिति २०७७/०६/०६

विषयः आलु/किवी रष्टिक हाउस निर्माण कार्यक्रम सम्बन्धी सूचना।

श्री गोकुलगंगा गाउँपालिका, रामेछाप,
श्री दोरम्बा गाउँपालिका, रामेछाप
श्री सुनापति गाउँपालिका, रामेछाप
श्री उमाकुण्ड गाउँपालिका , रामेछाप,
श्री जिरी नगरपालिका, दोलखा,
श्री भिमेश्वर नगरपालिका, दोलखा,
श्री कालिन्चोक गा.पा., दोलखा,
श्री गौरीशंकर गाउँपालिका, दोलखा,
श्री मेलुंग गाउँपालिका, दोलखा,
श्री विगु गाउँपालिका, दोलखा।

प्रस्तुत विषयमा कृषि ज्ञान केन्द्र, रामेछापको आ.व. २०७७/७८ को स्वीकृत कार्यक्रम अन्तर्गत "स्थानीय तह, कृषि समूह/सहकारी/निजि क्षेत्रको ५० प्रतिशत साझेदारीमा रष्टिक हाउस निर्माण" कार्यक्रम तहाँ पालिका अन्तर्गत रहेको व्यहोरा जानकारी गराउँदै सो कार्यक्रममा तहाँ पालिकाको साझेदारीमा समेत गर्न सकिने जानकारी गराइन्छ। उक्त कार्यक्रमसंग सम्वन्धित यसै पत्रसाथ संलग्न सूचना तहाँ पालिकाको सूचना पाटीमा टाँस गरि सूचना प्रवाहमा सहयोग गरिदिनुहुन अनुरोध छ।

निर्मला गुरुङ
प्रमुख

इमेल: akc.ramechhap2075@gmail.com
फोन नं: ०४८-५४०३०८

Scanned with CamScanner